मिति २०७५ साल भाद्र १४ गते ओमसतिया गाउँ कार्यपालिकाको बैठकबाट भएका निर्णयहरु :

निर्णय नं. १ :- न्यायिक समितिबाट सम्पादन गरिने कार्यका लागि मेलमिलाप कर्ताको आवश्यकता भएको हुदाँ प्रत्येक वडाबाट ३ जना मेलमिलापकर्ता वडा समितिको सिफारिसमा छनौट गरि न्याय सम्बन्धी तालिम दिने निर्णय गरियो ।

निर्णय नं. २ :- न्यायिक समितिको कार्य सम्पादनमा न्याय तर्फ कर्मचारीको पदपूर्ति नभएको हुदाँ पदपूर्ति नभए सम्मका लागि १ जना ना.सु सरहको कर्मचारी नियुक्ति गर्ने निर्णय गरियो ।

निर्णय नं. ३ :- आ.व. ०७५।०७६ का लागि स्वीकृत बालिका बिमा कार्यक्रम संचालनका लागि बालिका संरक्षण कार्यक्रम कार्यविधी अनुसार प्रस्ताव (बैंक तथा वित्तिय संस्थाहरुबाट) माग गर्ने निर्णय गरियो ।

निर्णय नं. ४ :- गाउँपालिकाको गुरुयोजना निर्माण कार्यका लागि डि.पि.आर निर्माण गर्ने प्रयोजनका लागि डि.पि.आर निर्माण उप समिति गठन निम्न अनुसार गर्ने निर्णय गरियो ।

संयोजक श्री बेल बहादुर बराल
सदस्य श्री ज्ञानेश श्रेष्ठ
,, श्री चन्न प्रसाद अहिर
,, श्री ओम प्रकाश कुर्मी
,, श्री मसहुर मुसलमान
,, श्री शिव कुमार धवल
,, श्री चुमकला वस्याल
,, श्री गंगा थापा सुनार
,, श्री सिला पासी
अ.स.ई. श्री लक्ष्मण खत्री
अमिन श्री

निर्णय नं. ५ :- गत आ.व.मा डाटा संकलन गरिएकोमा सो को डाटा ईन्टी्र गर्ने कार्यका लागि सूचना प्रविधि अधिकृत श्री शंकर पाठकलाई समय मै ईन्ट्री गराउन निर्देशन गर्ने निर्णय गरियो ।

निर्णय नं. ६ :- बालिका संरक्षण सम्बन्धी कार्यविधि संशोधन गर्नु भएको कार्यविधी का सम्बन्धमा व्यापक छलफल गराई आवश्यकता अनुसार संशोधन गर्ने निर्णय गरियो ।

निर्णय नं. ७ :- नगर प्रहरीलाई काम लगाउनको लागि गा.पा. अन्तर्गत वडा कार्यालयहरुमा यथासक्य छिटो पठाउने गा.पा. कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो साथै पोशाकको समेत व्यवस्था गर्ने समेत निर्णय र न.प्र. को नियुक्ति करारमा गर्ने समेतको निर्णय गरियो ।

निर्णय नं. ८ : यस गाउँपालिकाको आ.व. ०७५।०७६ को लागि स्वीकृत कार्यक्रम हरुको प्रभावकारी कार्यान्वयन गर्न को लागि सम्बन्धित वडा कार्यालयका कार्यक्रमहरु वडा कार्यालयको निर्णय भै आए अनुसार कार्यक्रम संचालन गर्ने र गाउँपालिका गाउँ कार्यपालिकाको कार्यक्रमहरुको

हकमा रु. ५०००००।- (पाच लाख) भन्दा बढीका कार्यक्रम दरभाउपत्र र बोल पत्रको प्रकृयाबाट कार्यक्रमहरु संचालन गर्ने सर्व सम्मत निर्णय गरियो ।

निर्णय नं. ९ :- आ.व. ०७५।०७६ को स्वीकृत कार्यक्रम संचालनका लागि सम्बन्धीत वडा कार्यालय र गा.पा. बाट ०७५ साल कार्तिक मसान्त सम्म उपभोक्ता समिति गठन गरि सक्नु पर्ने निर्णय गरियो ।

निर्णय नं. १० :- यस गा.पा. अन्तर्गतका क्षेत्रहरुको घर जग्गाको नक्सा पास गर्ने कार्यका लागि अमिन (सर्भेक्षक) आवश्यक भएको हुदाँ अर्को व्यवस्था नभएसम्मका लागि १ जना सर्भेक्षकलाई करारमा नियुक्ति गरि घर जग्गा नक्सा पास गर्ने कार्य संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं. ११ :- संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट स्वीकृत कर्मचारी दरवन्दीका सम्बन्धमा छलफल गर्दा वडा कार्यालयहरुमा कार्यालय सहायकको दरवन्दीमा व्यवस्था भएको नपाईएको र कार्यालय सहायकहरुले विगत वर्ष देखि नै तत्कालिन जि.वि.स. को स्थायी कर्मचारीको रुपमा नियुक्ति पाई स्थनीय स्तरबाट तलव भत्ता खाईपाई आएको सन्दर्भमा हाल दरवन्दीमा व्यवस्था नभएको हुदाँ प्रत्येक वडाका लागि १/१ जना कार्यालय सहायकको दरवन्दी थप गरि दिन माग गर्ने सर्व सम्मत निर्णय गरियो ।

निर्णय नं. १२ :- गाउँपालिका पदाधिकारीहरुको पोषाकमा एकरुपता ल्याउने गरि प्रति पदाधिकारीहरुलाई रु. १००००।- का दरले पोषाक रकम उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १३ :- यस कार्यालयका लागि आवश्यक पर्ने निम्नानुसारका सवारी साधनहरु खरिद प्रकृया अनुसार खरिद गर्न निर्देशन गर्ने निर्णय गरियो ।

तपसिल
क) स्कुटी - ५ थान
ख) मोटरसाईकल- ६ थान

निर्णय नं. १४ :- खानेपानी पाईप खरिद गत आ.व. को टेण्डर मध्ये सप्लाई गर्न बाँकी खानेपानी पाईप र हेडको सप्लाई सम्बन्धित म्याद थप भै ठेक्केदारबाट सप्लाई भएका सामानको आम्दानी जनाई सिफारिस भै आए अनुसारको वितरण गर्ने गराउने सर्वसम्मत निर्णय गरियो । साथै गा.पा. अध्यक्षको तोक आदेश अनुसार वितरण गर्ने गराउने निर्णय समेत गरियो ।

निर्णय नं. १४ :- संघिय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट जारी **"घ"** वर्गको निर्माण व्यवसायी सम्बन्धी कार्यविधी अनुसार ईजाजत प्राप्त गर्नका लागि निर्माण व्यवसायीबाट राख्नु पर्ने ईक्युपमेण्ट र सवारी साधन तोकिए बमोजिमको मध्ये अन्य यथावत रहने र टिप्परको हकमा एग्रीमेण्ट अनुसारको प्रमाण पत्र पेश गरेमा **"घ"** वर्ग निर्माण व्यवसायी ईजाजत पत्र वितरण गर्ने निर्णय गरियो ।